म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २२३ २०८० असार २३ गते शनिबार 8 July 2023, Saturday - पृष्ठ ८ मूल्य रू. ५/-




# मकवानपुरमा राइकाको मात्रै ४ जीपीए



*जीपीए ४ ल्याउन सफल डाफिन राइकालाई विद्यालय परिवारले सम्मान गर्दै ।*

समाज संवाददाता

हेटौंडाः गत चैत्र १७ गतेदेखि २९ गतेसम्म संचालन भएको माध्यमिक तह परीक्षा (एसईई) को नतिजा बिहीबार सार्वजनिक गरिएको छ । सार्वजनिक गरिएको नतिजाअनुसार मकवानपुर जिल्लाको हेटौंडा-७ स्थित तासिर ईङ्लिस बोर्डिङ स्कुलकी एक छात्राले मात्र ४ जीपीए ल्याउन सफल भएकी छिन् । मकवानपुर जिल्लामा परीक्षामा सहभागी ५ हजार ८ सय १२ जनामध्ये मकवानपुरकी डाफिन राइकाले ४ जीपीए ल्याउन सफल भएकी हुन् ।

यस्तै ३.६ देखि ४ जीपीए ल्याउने एक सय ७९ जना, ३.२ देखि ३.६ जीपीए ल्याउने ५ सय ४० जना, २.८ देखि ३.२ जीपीए ल्याउने ७ सय २७ जना विद्यार्थी रहेका छन्। २.४ देखि २.८ जीपीए ल्याउने ९ सय ५८ जना, २ देखि २.४ जीपीए ल्याउने १ हजार ३ सय ३६ जना रहेका छन् । १.६ देखि २ जीपीए ल्याउने १ हजार ५ सय १९ जना, १.६ जीपीए भन्दा कम प्राप्ताङ्क भएका विद्यार्थीको संख्या ४ सय ६६ जना रहेका छन् । परीक्षामा ८७ जना विद्यार्थी अनुपस्थित भएका थिए ।

# नेपाल टप गरेको खुशीयालीमा र्‍याली



समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले सर्वोकृष्ट नतिजा निरन्तर हासिल गर्न सफल भएको भन्दै शुक्रबार हेटौंडामा बाजागाजासहित र्‍याली निकालेको छ । त्रिभुवन विश्वविद्यालयले बुधबार प्रकाशित गरेको बीबीए सातौं सेमेस्टरको नतिजामा मकवानपुर क्याम्पस नेपाल टप हुन सफल भएको खुशीयालीमा र्‍याली निकालिएको हो ।

मकवानपुर बहुमुखी क्याम्पसकी छात्रा श्रृष्टि महर्जनले ३ दशमलब ९५ जीपीए ल्याई नेपाल टप गरेको बताइएको छ। क्याम्पसबाट एकैपटक क्रमशः नेपाल प्रथम, द्वितीय, तृतीय, सान्त्वना, पाचौं र छैटौं भई क्याम्पसकै इतिहासमा एउटा नौलो रेकर्ड कायम गरिएको भन्दै र्‍याली निकालेर खुशीयाली मनाइएको हो । मकवानपुर बहुमुखी क्याम्पसको प्रांगणबाट निकालिएको र्‍याली लोकप्रिय होटल, बुद्धचोक, सीमाचोक र स्कूलरोड हुँदै क्याम्पसमा पुगेर कोणसभामा परिणत भएको थियो । मकवानपुरकै सबैभन्दा पुरानो क्याम्पसमा ६ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । बागमती प्रदेश सरकारका प्रथम मुख्यमन्त्री डोरमणि पौडेल, मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख शंकर उपाध्यायको विशेष उपस्थितिमा र्‍याली निकालिएको हो ।

# वन उद्यमको विकास गर्न आवश्यकः सांसद पाठक

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभा सदस्य भारती पाठकले वन उद्यमको विकास गर्नुपर्ने बताउनुभएको छ । शुक्रबार ग्रीन फाउण्डेसन नेपालले हेटौंडामा आयोजना गरेको उद्यमशीलता विकास र सम्भावना विषयक अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

सांसद पाठकले हरेक क्षेत्रको मान्छेहरु व्यवसायसँग जोडिनुपर्ने अहिलेको आवश्यकता रहेको बताउनुभयो । आर्थिक हिसाबले बलियो भएमा सबै क्षेत्रमा अवसरमा प्राप्त गर्न सकिने उहाँले बताउनुभयो । उहाँले अहिले देशभर १० हजारको हाराहारीमा सामुदायिक वन उद्यमहरु सञ्चालन रहेको बताउनुहुँदै यसमा व्यक्ति र समुदाय जोडेर जानुपर्ने बताउनुभयो। सांसद पाठकले वन उद्यमहरुले उत्पादन गरेको सामग्रीहरुको प्रयोग गर्नुपर्ने बताउनुभयो ।

यस्तै, सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाईले वन उद्यम समूहहरुमा सरकारको लगानी कम रहेको बताउनुभयो। सरकारबाट बजेट प्राथमिकताका आधारमा छुट्याउन नसकिरहेको उहाँले बताउनुभयो। उहाँले वन उद्यम समूहहरुलाई आयआर्जनका कुरामा जोड्दै लानुपर्ने बताउनुभयो । यस्तै राष्ट्रिय बाल संरक्षण सञ्जालका केन्द्रीय अध्यक्ष प्रकाश खतिवडाले सरकारले उद्यमशीलताको विकास सम्भावनाबारे ध्यान दिनुपर्ने बताउनुभयो । युवाहरुलाई उद्यमशीलतामा जोडेर विदेश पलायन हुनबाट रोक्नुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ मकवानपुर र मानव अधिकार संरक्षण तथा मानव बेचविखन विरुद्धको सञ्जाल समूह मकवानपुरले गैसस मकवानपुरकी पूर्वकोषाध्यक्षासमेत रहनुभएका भारती पाठक, सामुदायिक वन उपभोक्ता महासंघको केन्द्रीय सदस्यमा निर्वाचित रामहरि चौलागाईं र मकवानपुर बहुमुखी क्याम्पसबाट बीबीए सातौं सेमेष्टरमा नेपाल टप गर्ने सृष्टि महर्जनलाई सम्मान गरिएको छ। गैसस मकवानपुरकी संयोजक रमिला सापकोटा, मानव अधिकार संरक्षण मकवानपुरकी संयोजक आरती पाठक र मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. शंकरप्रसाद उपाध्यायलगायतले सम्मानपत्र प्रदान गर्नुभएको हो ।

2-DAY FREE MEDICAL CAMP
(२ दिने निशुल्क चिकित्सा शिविर)

असार २२ र २३ गते



स्थानः हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स
समयः बिहान ८ बजे देखि

***नाम दर्ता असार १९ देखि सुरु हुँदैछ।***

निःशुल्क स्वास्थ्य परिक्षण सेवाहरुः

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by:
Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by:
KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

Join IT Career in HCC

Admission Open
↓
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)



Bachelor Program
↓
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त )** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को ११ औं समूहको (**2080 Batch** ) लागि **प्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class** ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज; अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट



प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

# नपत्याए दाउरा खोज



अकबर वीरबलको कथा

अकबर र वीरबल बेलाबखत शहर र देहाततिर जनताको अवस्था के कस्तो छ बुझ्न जाने गर्थे। एक साँझ उनीहरु कुनै देहातबाट फर्कंदै थिए। बाटामा दुई जना मानिसहरु दुईओटा अगुल्टा सल्काएर आगो तापिरहेका थिए। अकबर र वीरबल नजिकै आइपुगे र उभिए। आगो तापिरहेका मध्ये एक जनाले भने, "के हेरिरहेका होलान् ? आगो ताप्न मन लागे यही आए भइगो नि।" अकबर र वीरबल नजिकै गए र आगो ताप्न थाले। आगोको राप त्यति थिएन किनभने दाउरा नै पर्याप्त थिएन।

'ए भाइ हो ! यति थोरै दाउरामा के तातो आउँछ र ताप्ने हो ?' अकबरले भने।

'हा हा हा, आगो बढी बल्न दाउरा थप्नुपर्छ। दाउरा खोज्न को जाने ?' आगो तापिरहेका मध्ये एकले भने।

'एउटा शर्त राखौँ। हामी सबैले एकएकओटा घटना सुनाऔँ जसले सुनाइएको घटनालाई पत्याउँदैन त्यसले दाउरा खोजेर ल्याउँछ र आगो मजाले ताप्ने।' दोस्रोले प्रस्ताव गऱ्यो। सबैले त्यो कुरालाई स्वीकारे र गरे। शर्तअनुसार एक जनाले घटना सुनाउन थाले।

'एक दिन म वनमा गाई चराउन गएको थिएँ। त्यहाँ अनौठो आवाज आयो 'पशुचोरर आयो, पशुचोर आयो'। यो कुरा सुनेपछि म के गरुँ के गरुँ भएँ। तुरुन्तै दिमागमा एउटा उपाय फुऱ्यो। आफैँले लगाएको लुँगी फुकाले र गाईजति सबैलाई त्यसैमा पोको पारेर बोकी भाग्न थाले।

गह्रुँगो भएकाले म छिटो छिठो भाग्न सकिन। चोरहरु नजिकै आइसकेका थिए। अनायास आँखाले खेतको डिलमा लडिरहेको खरबुजा देख्यो। म गाईको पोको सहित त्यसै खरबुजाभित्र छिरें। मेरी बास्सै खरबुजाभित्र त अरु पनि सयौँ मानिसहरु लुकेका रहेछन्। चोरहरु कता भागे कुन्नी एउटी बाख्री म्याँ म्याँ गर्दै आई र हामी लुकेको खरबुजालाई सुलुत्तै निली। हामी त खरबुजा सहित बाख्रीको पेटभित्र पस्यौँ। बाख्री पानी खान खोलातिर झर्दै के थिई त्यसलाई एउटा अजिङ्गरले सुलुत्तै निल्यो। बाख्रीलाई निलेर घस्रँदै गरेको अजिङ्गरलाई खोला किनारमा बसिरहेको बकुल्लेले ठवाङ्ग ठुँग्यो र सुलुत्तै निल्यो। बकुल्लो माथि उड्न थाल्यो। त्यो बकुल्लो राजाका दरबारमाथिबाट उडिरहेको थियो। बकुल्लोले राजाको सुन्दर हात्ती देख्यो। बकुल्लोले त्यस हात्तीलाई चुच्चोले च्याप्प समात्यो र तुन्द्रुङ्ग झुन्ड्याउँदै उड्न थाल्यो। राजाका सिपाहीहरुले बकुल्लो अनौठो तरिकाले उडिरहेको देखे। उनीहरुलाई बकुल्लो मारेर खान मन लाग्यो। एक जना निशानाबाज सिपाहीले वाण ताकेर हान्यो र बकुल्लालाई फुत्रुक्कै भूँइमा झारिदियो। उनीहरुले बकुल्लाको पेट चिरे। पेटबाट अजिङ्गर निस्क्यो। अजिङ्गरको पेटबाट बाख्री निस्की। बाख्रीलाई चिरे त्यसबाट खरबुजा निस्क्यो। खरबुजाबाट म लगायत धेरै निस्क्यौँ। लौ भन यो कथा तिमीहरुले पत्यायौ कि पत्याएनौ ?' उसले सोध्यो। पत्याएनौ भन्दा दाउरा खोज्न जानुपर्थ्यो त्यसकारण सबैले पत्यायौँ भने।

अब घटना सुनाउने पालो दोस्रो मानिसको आयो। उनले भने, 'म सर्सिउँको खेती गर्थे। एक दिन सर्सिउँको रुखमा बसेर बञ्चरोले सर्सिउँको हाँगा काट्दै थिएँ। अचानक एउटा हात्ती सर्सिउँको फेदमा आएर बसेछ र रुख हल्लाउन थाल्यो। म भने सर्सिउँको हाँगोमा मजाले टाँसिएर बसेँ। हात्तीले सर्सिउँको धेरै कोसा भूइँमा झारिदियो र त्यसैमाथि टेक्न थाल्यो। हात्तीले टेकेपछि धेरै तेल बन्यो र तेलको पोखरी जस्तै भयो। बिचरो हात्ती ! त्यसै तेलमा डुबेर मऱ्यो। म सर्सिउँको रुखबाट तल झरे। हात्तीको छाला बञ्चरोले उधारें र नङमा धागो राखेर सिएँ। त्यसबाट गजबको झोला बन्यो। त्यहाँ बगेको सर्सिउँको तेल त्यसै झोलामा भरें र घरतिर गएँ। मेरा घटनामा कसैलाई अविश्वास छ ?' उसले ललकाऱ्यो। सबैले छ भने किनभने दाउरा खोज्न जाने कामबाट उनीहरु जोगिन चाहन्थे।

अब घटना सुनाउने पालो आयो अकबरको। अकबरले पनि घटना सुनाउन थाले। 'मेरा बगैँचामा एक दिन जंगली हात्ती आयो। म हात्ती धपाउन वाण लिएर हान्न थालें तर जति वाण हाने पनि हात्तीले दाँतले भाँचिदियो र मलाई लखेट्न थाल्यो। म भाग्दाभाग्दै थाकेँ। अचानक मेरा एउटा आँखा करुवामा पर्न गयो। म त्यही करुवाभित्र पसें। म करुवाभित्र बसेको त्यस हात्तीले देखेछ। म तत्काल टुटीबाट निस्कँ। त्यो दुष्ट हात्ती पनि करुवाको टुटीबाट निस्कने प्रयास गर्न थाल्यो। उसको सबै शरीर बाहिर निस्क्यो तर पुच्छर चाहिँ अड्कियो र हात्ती करुवामा झुन्डियो। म मौका उपयुक्त भएको भन्ने ठानेर भागेँ। लौ भन कोही छ मेरा घटना नपत्याउँने ?' अकबरले चुनौति दिए। सबैले भने, 'पत्याउँछौ।'

पालो आयो वीरबलको। उनले घटना सुनाउँन थाले, 'म एक जना धोबीको छोरा हुँ। बाबु धोबी भए पनि घरमा तीन–तीनजना नोकर थिए। बाबाले ती नोकरहरुलाई लगाएर कपडा खोलामा पुऱ्याउनुहुन्थ्यो र नोकरहरुले कपडा धोएर सघाउँथे। घरमा फर्केर सुकाउनुहुन्थ्यो। बस त्यसै आधारमा जीविका चल्दै थियो। एक दिन हामीले गथामा कपडा लदायौँ। नोकरहरुले ती गथालाई बोके। हामी कपडा धुलाई गर्न नदीतर्फ जाँदै थियौँ। चोर आएर कपडा लुट्न थाले। मैले नोकरहरुलाई कपडा फिर्ता ल्याउँन पठाएँ। नोकर त गए तर फिताए आएनन्। तिनीहरु पनि चोरसँग मिलेका रहेछन्। अहिले तिनीहरु भेटिएका छन्।' वीरबल घटना सुनाउँदा सुनाउँदै रोकिए।

'कसरी चिन्यौ त ?' अकबरले सोधे।

'उनीहरुले मेरा कपडा लगाएका छन्। यो घटनालाई नपत्याउने कोही छ ?' वीरबलले सोधे।

सबैले पत्यायौँ भने।

'लौ त्यसो भए मेरा कपडा फुकाल' वीरबलले भने।

'यो कपडा त होइन र हामी पनि होइनौँ।' उनीहरु कराए।

'लौ त्यसो भए दाउरा खोज्न जाओ।' वीरबलले भने। तीनै जना दाउरा खोज्न गए। कसैले दाउरा चिरे त कसैले बटुलेर ल्याए। वीरबल भने मजाले हाँस्दै आगो ताप्न थाले।

# शिक्षणमा नवप्रवर्तन: अर्थ, आवश्यकता, विधि तथा महत्व



अनाम आचार्य

सामान्यतया नवप्रवर्तन भन्नाले कुनै पनि कुरामा आउने नयाँपन वा विकास भन्ने बुझिन्छ। नवप्रवर्तन शब्द अङ्ग्रेजी शब्द 'Innovation' को नेपाली रूपान्तरण हो। 'Innovation' शब्द ल्याटिन भाषाको 'Innovatio' बाट आएको हो। 'Innovatio' शब्द 'Innovare' को व्युत्पन्न रूप हो। यसले कुनै पनि नयाँ कुराको परिचय दिने वा सुधारिएको स्वाद दिने काम गर्दछ। अमेरिकी समाजशास्त्री एभरेज रोजर्सका अनुसार, 'नवप्रवर्तन एउटा विचार, अभ्यास वा वस्तु हो जुन व्यक्ति वा ग्रहण गर्ने अन्य एकाइद्वारा नयाँ रुपमा बुझिन्छ।'

नवप्रवर्तनको शाब्दिक अर्थपछि शिक्षणमा नवप्रवर्तन के हो ? भन्ने विषय तर्फ लाग्नु उचित हुन्छ। वास्तवमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षण सिकाइका क्षेत्रमा विकास गरिएको नयाँ, आधुनिक र वैज्ञानिक परिवर्तनलाई शिक्षणमा नवप्रवर्तन भनिन्छ। बदलिँदो समाजमा असीमित आवश्यकताहरु हुन्छन्। समाजको अपेक्षाहरू पूरा गर्दै सिकारूलाई सिकाइमा थप मद्दत पुऱ्याउन नवप्रवर्तनले सहयोग पुऱ्याउँदछ। विशेषत: शिक्षण विधि, शैक्षिक सामग्री र मूल्याङ्कन पद्धतिमा आधुनिकीकरण गर्दै जान नवप्रवर्तनको भूमिका रहन्छ।

हामीलाई ज्ञान लिनका लागि मात्र नभई बाँच्नका लागि शिक्षा आवश्यक छ। तसर्थ जीवनपयोगी शिक्षामा समस्याहरु आउन सक्छन् र त्यस्ता समस्याहरूलाई चिरेर अगाडि बढ्न नवप्रवर्तन आवश्यक छ। समाजको परिवेशसँगै शिक्षणलाई प्रभावकारी बनाउन, एकीकृत शिक्षण सिकाइ सञ्चालन गर्न, शिक्षण सिकाइलाई सिकारु केन्द्रित बनाउन, प्रजातान्त्रिक मूल्यमान्यता अनुरुप शिक्षण गर्न, सिकारुको सीप र दक्षता अभिवृद्धि गर्न, शिक्षणलाई व्यवहारिक र वैज्ञानिक बनाउन, शैक्षिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्न तथा सिकाइलाई उत्पादनशील बनाउन शिक्षणमा नवप्रवर्तन आवश्यक पर्छ।

शिक्षामा नवप्रवर्तन महत्वपूर्ण छ किनकि शिक्षामा नवीनताले गर्दा विद्यालयको वातावरणमा राम्रो नतिजा आउन सक्छ। नवप्रवर्तनले शिक्षालाई समाजको वास्तविक रुपसँग जोड्न, शिक्षणमा आउने समस्याहरुलाई रचनात्मक तवरले समाधान गर्न, बाइसौं शताब्दीको लागि दक्ष जनशक्ति तयार पार्न, शिक्षामा प्रविधिको प्रयोग गर्न, शिक्षालाई जीवनपयोगी बनाउन नवप्रवर्तनले मद्धत गर्दछ।

नवप्रवर्तनका आवश्यकता र महत्वको जानकारी पछि नवप्रवर्तन कसरी गर्ने वा नवप्रवर्तनका विधि वा तौरतरिकाहरु के के छन् भन्ने कुरा जान्नु आवश्यक छ। शिक्षणमा नवप्रवर्तनका विधिका बारेमा धेरै विद्वानहरूले आ-आफ्नै विधि तथा प्रक्रियाहरु सुझाएका छन्। सबैभन्दा सुरूमा वर्तमान अवस्थाको विश्लेषण गर्नुपर्छ। त्यसपछि आवश्यकताको पहिचान गरी लक्ष्य तथा उद्देश्यको निर्धारण गर्नुपर्छ। लक्ष्य तथा उद्देश्य सँग सम्बन्धित रहेर विकल्पहरुको खोजी गर्नुपर्छ। खोजी गरिएका विकल्पहरुको मूल्याङ्कन गर्नुपर्छ र मूल्याङ्कनपछि उपयुक्त विकल्पको छनौट गरी आवश्यक कार्यनीति तथा कार्यक्रमको निर्धारण गर्नुपर्छ। छनौट गरिएको विकल्प प्रभावकारी भए/नभएको मूल्याङ्कन गरी प्रभावकारी भएमा प्रयोगमा ल्याउनुपर्छ।

छोटकरीमा भन्नुपर्दा नवप्रवर्तन हरेक क्षेत्रका लागि आवश्यक छ। व्यापारिक क्षेत्रबाट आएको 'नवप्रवर्तन' को प्रयोग अहिले सबै क्षेत्रमा भइरहेको छ। शिक्षणमा नवप्रवर्तन हुनुपर्ने कुरालाई उद्धृत गर्दै विलियम बटलर येट्स भन्छन्, 'शिक्षा भाँडो भर्ने होइन, आगो बाल्ने हुनुपर्छ।

हेटौंडा-९

# नेपाल दाइको चिया पसल



सिएम रिमाल

नेपाल दाइको चिया पसल
मिर्मिरेदेखि रातको ९ बजेसम्म
सयौं मान्छे जमघट हुने
त्यही हुप्राचौर अगाडिको
नेपाल दाइको चिया पसल

ती नेपाल दाइका हातहरु
कति पौरखी थिए
शिक्षक, वकिल, ठेकेदार, विद्यार्थी,
पत्रकार, व्यापारी, जेष्ठ बा आमा, युवा
सबैको भेट गराएर चियामा रम्न लगाउथे
नेपाल दाइ

त्यहाँ देश हाक्ने गफ हुन्थ्यो
विदेशिनेको चरित्र हत्या हुन्थ्यो
राजधानी, सङ्घ र प्रदेशको
मन्त्री त्यहीबाट सिफारिस हुन्थ्यो
सिंहदरबारमा को कसलाई भेट्न गयो
सबै त्यहाँ थाहा हुन्थ्यो
कुन विद्यार्थीले पिटाइ खायो
कुन स्कुलको
त्यो सबै चिया सँगै घोलेर आउथ्यो

कुन अपराधी खोरमा जाकियो
ऋषि केबीको मुखबाट
बेलुका चियामै मिसिन्थ्यो
हरेक दिन जसो ल्यापटप बोकेर आउने
किशन सर आज भोलि
देखा पर्नै छाड्नु भयो
यो त गफै गफको अखडा भनेर
बिच्किनु हुन्थ्यो किशन सर

आफ्नो जीवन सँगिनीसँग
खम्बामा ढाड जोताएर
घन्टौ मेसेन्जरमा
बिताउने काले दाइ
आज जापानमा
केलाइरहेका छन्
आफ्नो जीवन

कसलाई कुन जग्गाबाट
कति नाफा भयो चियासँगै
पैसा पनि बाँडफाँड हुन्थ्यो

आदर्शका कुरामा
चिया पिउँदै सुन्थे
सुनिल दाइको रिस,
आवेग, माया अनि समाज

अनुभवका कोसेलीहरु
एक कप चियामा
सित्तै बाडिन्थे त्यहाँ
गीता, रामायण मुखाकार
भन्ने व्यक्तिको पनि
कमी थिएन नेपाल दाइको
चिया अड्डामा

रेडियो चलाउनेदेखि
पत्रिकाको समाचार
वाचनसम्म हुन्थ्यो
नेपाल दाइको चिया पसलबाट
कमिज, सुरुवाल, स्टकोट
लगाएकादेखि टाइसुट लगाउनेको पनि
जमात रमाएको थियो
नेपाल दाइले घन्टौ लगाएर
बनाएको चियामा
गफै गफले यो देश चलाउथे
र
त देश पनि चलिरहेकै थियो,
देश, गफ र
नेपाल दाइको चिया पसल
एकअर्काका पर्याय नै थिए

हरेक चियाको चुस्कीमा
बेट थाप्नेको पनि लर्को नै हुन्थ्यो
पहिला पोट खेल्ने
चिया पसल
एकाएक बेटतिर उन्मुख हुँदा
नेपाल दाइको मुस्कानमा
थोरै बादल लागेको थियो
कहिले कही हिसाब गडबड हुँदा
सारेका थिए केही साथीहरुले
चियाको अड्डा नै

चिया पसलबाटै नेपाल दाइले
आफ्नो छोरोलाई जवान बनाए
छोरीलाई उच्च शिक्षाको तयारीमा लागे
भाउजूको अनुहारमा चमक थपे

खोई त आज
त्यो नेपाल दाइको चिया पसल
न कुनै मान्छे नै छन्
त्यस हुप्रा अगाडिको
नेपाल दाइको चिया पसलमा
सुनसान सुनसान छ त्यस ठाउँ
सबै सबैलाई शून्य राखेर
कता गएछन् नेपाल दाइ ?

# सुन्दर संसार



सासा अधिकारी

सुन्दर राम्रो संसार हो यो प्रकृति भएको
विपना भन्दा सपना सधैँ राम्रो नै रहेको

वसन्त फूल फुलेको यहाँ सुगन्ध बसेको
टपटप गरी है यहाँ असिना खसेको

हिमाल झन खुलेको छ सुन्दरता छरेको
सगरमाथा झै राम्रो किन आकृति कोरेको

फुलेका फूल बगेको खोला कस्तो यो संयोग
मिलेर हाँसो मिलेर बाँचौं गरी है रमन

सबैको सोच सुन्दर भए सुन्दर संसार
आफैं है बन्न पहिला राम्रो छ संसार

*कक्षा : ९, नवोदय शिशु सदन*

# मकवानपुरगढीका २ विद्यार्थीलाई ल्यापटप

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकाका २ जना विद्यार्थीलाई ल्यापटप वितरण गरेको छ। शुक्रबार पालिकाको अनुदानमा मकवानपुरगढी–२ मा रहेको चण्डिका माध्यमिक विद्यालयबाट कक्षा–१२ को परीक्षा दिएका पवित्रा विश्वकर्मा र हेटौंडा–२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा वाणिज्य संकायको स्नातक दोस्रो वर्षमा अध्ययनरत छात्र मकवानपुरगढी–४ का सन्देश परियारलाई ल्यापटप सहयोग गरिएको हो।

दलित वर्ग लक्षित कार्यक्रमअन्तर्गत् करिब एक लाख ४० हजार रुपैयाँको २ वटा ल्यापटप सहयोग गरिएको मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाख्रिनले जानकारी दिनुभयो। कार्यक्रममा मकवानपुरगढीका अध्यक्ष दोर्जे लामा स्याङ्तानको उपस्थिति थियो।

# "विश्वास"

(लघुकथा/गुरुपूर्णिमा विशेष)



पं.ज्यो.तोयनाथ सुवेदी

'यो संसारमा सदगुरु कोही छ ?' एउटाले सोध्यो।

'खोजी गर्नुपर्छ, भेटिहाल्छ नि' नेपथ्यमा जवाफ आयो।

ऊ खोजी गर्दै जाँदा गुरुनाम जपिरहने गुरुभक्ति व्यक्तिकहाँ पुगेछ। तिनको गुरुप्रति विश्वास देखेर उनले मनमनै सोध्ने विचार गऱ्यो।

'ओहो ! तपाईको त गुरुप्रति साह्रै विश्वास र श्रद्धा रहेछ। हुन पनि संसारका महामन्त्र नै यि हुन्। यिनैले निर्जीवमा सजिव र परमात्मामय पो देखिदो रहेछ नि !'

अचानक छेउमा ठूलो सांसरिक बाढी आयो। त्यसपछि ती गुरुभक्त शिष्यलाई अरुले भने, 'तिमीमा साँच्चै अपार गुरुभक्ति छ भने तिमी यो नदी तरेर देखाऊ त ?

ऊ बिचलित नभई हाँसीहाँसी नदीपारी पुग्यो। यो घटना हेरिरहेको अर्को व्यक्तिलाई त्यो नदी तर्ने इच्छा जागेर आयो। केहीछिनमा ऊ डुब्यो। गुरुभक्त शिष्यले कपालमा समातेर निकाल्यो। एकआपसमा त्यहाँ ठूलै खैलाबैला मच्चिएछ।

गड्याङगुडुङ गर्दै आकाशवाणी भयो,' गुरुप्रतिको विश्वासले ऊ सजिलै तर्न सक्यो, तर दोस्रोमा विश्वास थिएन त्यसैले डुब्यो।'

*हेटौंडा–८, कमाने*

# गोरखा



बिस्लिना श्रेष्ठ

कति राम्रो गोरखा जिल्ला
ठुला ठुला घर छ
मनकामना मन्दिर पनि
त्यहि जिल्लामा पर्छ।

सारै राम्रो त्यस ठाँउमा
रैछ डाडा पाखा
डाडा हेर्दा झिम झिम गर्न
पाउदैनन यी आँखा।

केवलकारमा चढी हामी
दर्शन गर्न गयौं
त्यस भित्र छिरे पछि
डराए झै भयौं।

मनकामना दर्शन गर्न
सपरिवार गाथ्यौ हामी
मन्दिर छेउमा जादाखेरी
दृश्य रैछ दामी।

कक्षा-५
फतुवा बिजयपुर -१०
दुधिअवा रौतहट

# फूल



संस्कृति लुईंटेल

डाँडा र पाखा ढकमक फूलै फूलको बास्ना
फूले फल सँग नजिक बसी मन लाग्छ हाँस्न

भमरा चरी हेर्न त्यहीँ गाउँदै नाचे है
कोइली डाँफे हेर्न त्यहीँ रमाउँदै हाँसे है

फूलको थुङ्गा नटिपौँ साथी पाप लाग्छ है
फूलेको फूलले बास्ना दिन्छ नचुँडी फ्यालौँ है

फूलको रस लिएर मौरी घर आँगन डुल्छ है
त्यसैको मह खाएर तिमी बलियो हुन्छौ है

*कक्षा : ९, नवोदय शिशु सदन*

sambridhasamaj@gmail.com
समृद्ध समाज राष्ट्रिय दैनिक

# गजल



**निमिशा निरौला**

मिहिनेत नगरी त फल फल्दैन नि
अच्छीपना नछोडी त ज्योति बल्दैन नि

विचलित हृदयले अल्मलिँदै भए
प्रेरणा बिना लगन त चल्दैन नि

अप्ठ्यारा छन् बाटा तर वीर बन तिमी
हेरेर मात्र त यो पर्वत ढल्दैन नि

डराउने तिमी चाहिँ यत्तिकैमा आज
प्रयास नै बिना ढुङ्गा गल्दैन नि

खुट्टा ताने, कुरा काटे, वास्ता नगर है
असफल व्यक्तिसँग कोही जल्दैन नि

*जीएस निकेतन मावि, कक्षा-९*
*(नवसर्जक बागमती प्रदेश सदस्य)*

# मेरो प्रेरणा भानु



**कृष्मा अर्याल**

सबैको प्रिय भानु तिमी
नेपालको सम्मान हौ तिमी
साहित्यमा कलम चलाएर तिमीले
सबैको गुरु बन्न पुग्यौ तिमी

तनहुँको शान हौ तिमी
मेरो देशको मान हौ तिमी
म सधै तिमीलाई सम्झिन्छु भानु
साहित्यको एउटा बलियो आधार हौ तिमी

एकदम सुहाउने यो देशको सुन हौ तिमी
कसैले जित्न नसक्ने एउटा जुन हौ तिमी
नेपालको बगैचामा फुलेको फुल हौ तिमी

आज यो देशमा तिम्रै कमि छ भानु
आज मलाई तिम्रै याद आउछ भानु

*बालजागृति इंग्लिस सेकेण्डरी स्कुल*
*कक्षा-४*

# गजब छ जमाना



**सरोजप्रसाद साह**

गजब छ जमाना, गजब छ यो लोक
गजब छ माटो, गजब छ यो बाटो
गजब छ प्रीत, गजब छ यो रीत



शीर उठ्ने घर, शीर झुक्ने मानिस
ठूलाठूला गाडी ठूलाठूला काँडा
सहर थियो सपनामा रहेछ झमेला
गजब छ जमाना गजब छ यो मेला

महँगो छ जीवन, महँगो छ साथी
महँगो छ प्यास, महँगो छ पानी
महँगो छ निद्रा, महँगो छ यात्रा
गजब छ जमाना, गजब छ यो यात्रा

बढाउनु छ पाइला
उठाउनु छ त्यो मान
यो सङ्घर्षी जीवनलाई सावित गर
हिम्मत राख र अगाडि बढ

गजब छ जमाना, गजब छ यो लोक
गजब छ माटो, गजब छ यो बाटो
गजब छ प्रीत, गजब छ यो रीत



# इतिहास



**अग्रीम लम्साल**

नरभूपाल शाहले
गर्न खोजे
नेपालको एकीकरण
त्यही समय भयो
धेरै मानिसको मरण
कीर्तिपुर, मकवानपुर, ललितपुरमा
भयो विजय
विस्तारै हाम्रो नेपाल
गयो एक हुँदै

नरभूपालको सपना
पृथ्वी नारायण शाहले
गरे पूरा
वि.सं. २००२ मा
नेपाललाई गरे
उनले एक
बिचमा अङ्ग्रेजहरुले
लुट्न खोजे
हाम्रो देशलाई
हाम्रा पुर्खाले अङ्ग्रेजलाई
रोके
आफ्नो वलले

आए इतिहासको बिचमा
राणा शासनका लागि
गरे शासन १०४ वर्ष
गङ्गालाल, धर्मभक्त जस्ता
व्यक्तिले हटाए आफ्नो
ज्यान जोखिममा हाली
फेरि नेपाल भयो
नेपालीका लागि

राम्रो हतियार नभएपनि
खुकुरीले लडे
अन्तिमसम्म लडेर
यही देशको
माटोमा मरे
अन्तिम साससम्म
सोचे देशको बारेमा
अन्तिममा अङ्ग्रेजले
खोसे नेपालको
एक तिहाइ भूभाग

कक्षा : ९, नवोदय शिशु सदन

# सातको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: शरीरमा स्वस्थता र मनमा उत्साह बढ्ने समय छ । प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुन सकिने छ । विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला । विवादास्पद जिम्मेवारी बहन नगर्दा राम्रो । शेयर कारोबारबाट लाभ प्राप्त । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । खुशीको समय छ । अध्ययन–अध्यापनमा ठिकै रहने समय योग छ ।

**वृष राशि**: कार्यक्षेत्र,व्यवसाय वा कामधन्दामा व्यस्त रहने समय छ । परीक्षा प्रतियोगितामा विजय हाशिल होला । आत्मबल, हौसला र प्रतिष्ठामा वृद्धि हुनेछ । अन्तर्वातामा जित होला । आर्थिक पक्ष ठिकै छ । कारोबारबाट आय बढ्ने । प्रशासनिक क्षेत्रका काममा सफलता । सुख सुविधा र भोग विलासमा समय बित्ला ।

**मिथुन राशि**: अरुलाई प्रभावित पारेर काम गर्नुपर्ला । गरिब दीन दुःखीको सेवाबाट भाग्यबल बढ्ला । दार्शनिक विषयप्रति आकृष्ट भइएला । धार्मिक वा प्राकृतिक स्थलमा समय व्यतित होला । सफलतामा वृद्धि प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक नै मान्नुपर्दछ । अध्ययन–अध्यापनमा सफलता प्राप्त योग छ ।

**कर्कट राशि**: जोखिम र संकटबाट बच्नुपर्ला । महत्वकांक्षा बढ्नाले हानी होला । व्यापार–व्यवसायमा नयाँ लगानीका लागी उपयुक्त समय छैन । उदार मनोवृत्तिको अरुले नाजायज फाइदा उठाउन सक्छन् । धार्मिक तथा सामाजिक काममा समय व्यतित होला । शारीरिक स्वास्थ्यमा समस्या बढ्ने समय छ । पढाइ–लेखाइ पनि ठिकै रहेको देखिन्छ ।

**सिंह राशि**: मायाप्रेम, रतिराग, र भावनात्मक क्रियाकलापमा समय व्यतित होला । आफूभन्दा ठूलाको सल्लाहमा गरिएको काममा सफलता प्राप्त होला । साँझेदारीमा गरिएको व्यापार–व्यवसायबाट लाभ प्राप्त गर्न सकिएला । सरकारी काम वा राजनीतिबाट लाभ प्राप्त होला । अध्ययन–अध्यापन पनि ठिकै छ । भावुक बनिएला ।

**कन्या राशि**: समय मध्यमकारक छ । पढाइ–लेखाइमा त्यति मन नजाला । विलासिता र मधुर भोजनका क्षेत्रमा मन जानेछ । बहस र वादविवादमा समय व्यतित होला । आफन्त, मित्रवर्गले सहयोग पु¥याउलान् । लक्ष्य प्राप्ति तर्फ लागि परिने समय छ । सामाजिक, राजनैतिक र धार्मिक काममा सरिक भइएला । साझेदारी कामबाट घाटा होला ।

**तुला राशि**: सम्मान प्राप्तिको योग छ । बिचारको कदर होला । परीक्षा र प्रतियोगितामा विजयी भइने छ । प्राज्ञिक, बौद्धिक र दार्शनिक क्रियाकलापका माध्यमबाट धनार्जन होला । हाँके ताकेका कामहरु पूर्ण हुनेछन् । खानपान र मनोरञ्जनमा समय व्यतित होला । व्यापार–व्यवसायका क्षेत्रहरु सफल होलान् । अध्ययन–अध्यापन ठिकै रहने छ ।

**वृश्चिक राशि**: शरीर स्वस्थ भए पनि चिन्ता बढ्ने समय छ । आफन्तको व्यवहार देखि दिक्क लाग्न सक्छ । व्यापार–व्यवसाय मध्यमकारक छ । जाँगिरमा आत्मविश्वासमा वृद्धि हुनेछ । रोकिएका कामहरु पूर्ण होलान् । धार्मिक र परोपकारजन्य काममा समय व्यतित होला । मानसिक रुपमा आफूलाई शान्त राख्ने समय छ ।

**धनु राशि**: बोलीमा प्रभाव भएको समय छ । हाँके ताकेका कामहरु पूर्ण होलान् । तर्क वितर्क र बहसमा विजय प्राप्त होला । धार्मिक र सामाजिक कामको दायित्व बढ्ने समय छ । बन्दव्यापार ठिकै छ । आर्थिक पक्ष सुदृढ रहेको छ । चिसोबाट बच्नु बचाउँनु पर्ला । परदेशको बसाइँले आय सबल बन्ला । भेटघाट र रमाइलो यात्रा हुने समय छ ।

**मकर राशि**: व्यक्तिगत खुशी र सुख सुविधाका लागि केही रकम खर्च होला । आर्थिक दृष्टिकोणले पनि ठिकैको समय छ । प्रेम सम्बन्धमा सुदृढ होला । भोगविलास र आनन्दमा समय व्यतित होला । कला साहित्यका क्षेत्रमा सरिक भइने छ । व्यापार व्यवसाय अनि धार्मिक कृत्यमा समय व्यतित हुने योग छ । पढाई–लेखाई मध्यमकारक छ ।

**कुम्भ राशि**: पेशा/व्यवसाय र कार्यक्षेत्रमा सोचे अनुरुप उन्नति होला । चिताएका नौला विषयमा समेत लाभ प्राप्ति होला । मनमा दोधार आउला । शरीरमा उत्साह र उमङ्गमा वृद्धि होला । अध्ययन–अध्यापनका क्षेत्रमा प्रगति होला । विजय र सफलता प्राप्त । व्यवस्थापकिय जिम्मेवारी बढ्ने समय छ । धार्मिक र सामाजिक कृत्यमा सरिक भइने छ ।

**मीन राशि**: परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । व्यापार–व्यवसाय मध्यमकारक छ । अचानक धनागम भएपनि खर्च होला । अवगालबाट बच्नु पर्ने समय छ । अध्ययन–अध्यापनका क्षेत्रमा सरिक भएपनि सन्तुष्टि नमिल्ला । महत्वकांक्षा त्याग गर्दा राम्रो हुन्छ । धार्मिक र सामाजिक काममा सरिक भइने छ । मनोरञ्जनमा र भेटघाटमा समय बित्ला । धैर्य र संयमताले काम गर्दा राम्रो ।

# म



**नम्रता पराजुली**

म त हुन्छु ज्ञानी
मायाको नि खानी
बन्नु पर्छ पानी
सबैभन्दा सानी

देखेँ मैले छायाँ
गर्छन् मलाई माया
हुन्छु म त ज्ञानी

नकराऊ धेरै नानी
बन्नु पर्छ ज्ञानी
हुन्छु म नि सानी
बाबाकी सानी नानी

पढ्छु म त जानी
पढ्न आउछ रानी
गर्छन् मलाई माया
भन्छन् मलाई छाँया

*अमर मावि, कक्षा-७*

# फूल



**रितु तामाङ**

फुलहरु रङ्गीचङ्गी हुन्छन् ।
भगवानलाई हामी फुल चढाउँछौं ।
फुलले सुगन्ध दिन्छ ।
पुतलीहरु फुलमा बस्छन् ।

मौरीहरुले फुलको रस चुसेर चाकामा
जम्मा गरी मह बनाउँछ ।
फुलले घर राम्रो बनाउँछ ।
फुलहरु धेरै प्रकारका हुन्छन् ।

मलाई गुलाफको फुल मन पर्छ ।
मेरो फुलबारीमा धेरै फुलहरु छन् ।
मलाई फुल धेरै मन पर्छ ।

*अमर मावि, कक्षा-७*

## गाउँखाने कथा

१. दुई दिदी बहिनी मुखै बिना कुरा गर्छन ।
- आँखा

२. दुई–दुई अक्षर मिली बन्छ नाम, त्यो नभए होइन्छ ठन्डाराम ।
- हावापानी

३. दुई परखेटा दुई सिङ, हलुको जीउ फुरफुर उड्छिन् ।
- पुतली

४. दुई पट्टि गाछी (रुख) माझमा फल ।
- भुइँकटर

५. दुई पाङ्ग्रा छन् साइकल होइन, दगुर्छ मोटर होइन ।
- मोटरसाइकल

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## कर्मचारी आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मिति: २०८०/०३/२२*

हेटौंडा-२ स्थित पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडका लागि व्यवस्थापक आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**पद: व्यवस्थापक**
शैक्षिक योग्यता: वाणिज्यशास्त्र संकायमा स्नातक उत्तीर्ण ।
वाच्छनीय योग्यता: सहकारीसम्बन्धी ज्ञान भएको ।
उमेर: २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
कम्प्युटरसम्बन्धी ज्ञान भएको ।

**आवश्यक कागजात**
१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२) व्यक्तिगत विवरण (बायोडाटा)
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४) पासपोर्ट साइजको फोटो ।

**पदपूर्ति उपसमिति**
**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-२, मकवानपुर**
**०५७-५२६४९३/५२६३७०**

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
## QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क**
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## स्वादिष्ट नेवारी खाजा






अब
## होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

## हेटौंडा कृषि बजार

**हेटौंडा-४, मेनरोड**

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।






**सेवाहरु**
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तै: स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्क: ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९**








# हेटौंडा बजार क्षेत्रको सडक विस्तारबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको बजार क्षेत्रको सडक विस्तारबारे शुक्रबार अन्तरक्रिया भएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरको सभाहलमा सडक डिभिजन कार्यालय, जनप्रतिनिधि, व्यवसायी र सञ्चारकर्मीहरुको उपस्थितिमा हेटौंडाको सडक विस्तारबारे अन्तरक्रिया भएको हो ।

नेपाल सरकारको सडक विभागअन्तर्गत् सडक डिभिजन कार्यालय हेटौंडाले असार १० गते पूर्वपश्चिम राजमार्गअन्तर्गत् राप्तीपुल–बुद्धचोक हुँदै रातोमाटेसम्म सडक विस्तार गर्न ३५ दिनको सूचना निकालेको थियो । सर्वोच्च अदालतको २०७८ साल पुस १९ गतेको आदेशले यस सडकखण्डको सडक सीमा सडकको बीचबाट २५–२५ गज कायम भएको र यस क्षेत्रको घरटहरा हटाउन आदेश दिएको थियो ।

हेटौंडा उपमहानगरपालिकाको कार्यपालिकाको बैठकले पनि हेटौंडा बजार क्षेत्रको सडक विस्तार गर्ने निर्णय सर्वसम्मत पारित गरेको थियो । अन्तरक्रियामा सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख राजेशकुमार यादवले हेटौंडाको र ाप्तीपुलदेखि रातोमाटेसम्म करिब डेढ सय घरटहरा भत्किने बताउनुभयो । राज्यको धारणाअनुरुप सडक विस्तार गर्न लागेको बताउनुहुँदै उहाँले यसबाट प्रभावित घरजग्गा धनी र व्यवसायीहरुले ३५ दिनभित्र निवेदन दिन आग्रह गरिएको बताउनुभयो । उहाँले सूचना निकालेको ३५ दिनभित्र पनि घरटहरा हटाउन सहमत नभए कानुनअनुसार आफूहरु अगाडि बढ्ने बताउनुभयो ।

अन्तरक्रियामा बोल्नुहुँदै बागमती प्रदेशसभा सदस्य एवम् नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठले कानुनी जटिलताका कारण हेटौंडामा अहिलेसम्म सडक विस्तार गर्न नसकिरहेको बताउनुभयो । यस विषयमा राज्य जवाफदेही हुनुपर्ने उहाँको भनाइ छ । अहिले हेटौंडामा जनघनत्व बढ्दै गएको अवस्थामा ट्राफिक व्यवस्थापनमा चुनौती थपेको बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाकाका प्रमुख मीनाकुमारी लामाले हेटौंडालाई बनाउने कुरामा आफू तयार रहेको बताउनुभयो । उहाँले सर्वोच्च अदालतको आदेशलाई पालना गरेर चाँडै सडक विस्तार गर्नुपर्ने बताउनुभयो । सबै क्षेत्रलाई सम्बोधन गरेर सडक विस्तारको कुरालाई टुङ्ग्याउनुपर्ने उहाँले बताउभयो । उहाँले सडक विस्तार गर्ने पक्षमा कसैले दबाव र प्रभावमा नपरी सर्वोच्चको निर्णयलाई मान्न आग्रह गर्नुभयो ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईले सडक डिभिजन कार्यालयलाई नियममा बसेर कसैको डर धम्की र प्रभावमा नपरी यसलाई चाँडै टुङ्गो लगाउन आग्रह गर्नुभयो । कतै क्षति पुगेमा जिल्ला प्रशासनले नियमअनुसारको कदम चाल्ने उहाँले बताउनुभयो । सडक विस्तारबारे जनप्रतिनिधि, व्यवसायी र घर धनीसँग समन्वय गर्न आफू तयार रहेको उहाँले प्रतिबद्धता जनाउनुभयो । उहाँले सबै नीति नियममा रहेर काम गरी यस समस्यालाई चाँडै निष्कर्षमा पुऱ्याउनुपर्ने बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले सडक विस्तार गरेर हेटौंडा बजारको दिगो व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । सडक विस्तारको कुरालाई अब कसैले रोक्न प्रयास नगर्न उहाँले आग्रह गर्नुभयो । आफू पनि यहि क्षेत्रमा व्यवसाय गरेरै आएको बताउनुहुँदै उपप्रमुख बानियाँले व्यवसायीहरुलाई सधैं त्रसित बनाएर राख्न नहुने र बजारको दिगो व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । सडक विस्तार गर्दा पुग्ने क्षतिबारे उपमहानगर पालिकाले समन्वय गरेर काम अगाडि बढाउने उहाँले बताउनुभयो ।

नेकपा माओवादी केन्द्र मकवानपुरको जिल्ला समन्वय संयोजक सर्केश घलानले सबैले सकारात्मक ढङ्गले यस समस्याको समाधान गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । अहिले विकासको गति ढिलो भइरहेको बेला यस समस्यालाई चाँडोभन्दा चाँडो टुङ्ग्याउनुपर्ने उहाँले बताउनुभयो । उहाँले सडक विस्तार गर्दा प्रभावित हुने घरधनी र व्यवसायीलाई उचित क्षतिपूर्ति दिनुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेस मकवानपुरका सचिव भीमसेन महतले सडक विभागले पटक–पटक सूचना निकाले पनि अहिलेसम्म कुनै ठोस निर्णय लिएर काम गर्न नसकेको बताउनुभयो । उहाँले यस समस्याबारे सडक डिभिजन कार्यालय, सरकार, राजनीतिक दलका प्रतिनिधि र व्यवसायीहरुको एउटा समिति बनाएर चाँडै समस्या समाधान गर्नुपर्ने उहाँले बताउनुभयो ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण गुप्ता अग्रवालले पटक–पटक सडक विस्तार गर्ने सूचना निकालेर व्यवसायीलाई त्रसित बनाउने काममात्र भएको बताउनुभयो । सडक विस्तार हुनेबारे अहिले निकालिएको ३५ दिने सूचनामा उद्योग र व्यवसायीहरुसँग छलफल नगरी निकालिएको उहाँले बताउनुभयो । अहिले पनि व्यवसायीहरुले कर तिरिरहेको अवस्थामा ३५ दिनको सूचना निकालेर व्यवसायीलाई डिप्रेसनमा पुऱ्याउने काम गरेको उहाँले बताउनुभयो । उहाँले ३५ दिनभित्र घर खाली गर्नुपर्ने कुराले व्यवसायीहरु त्रसित भएको बताउनुभयो । उहाँले अहिले आर्थिक मन्दीबाट केही आश पलाएका बेला र वर्षायामको समयमा व्यवसायीमाथि अन्याय गर्न खोजेको बताउनुभयो । सडक विस्तार गर्ने कुरामा आफूहरु पनि सकारात्मक रहेको बताउनुहुँदै उहाँले व्यवसायीलाई उचित व्यवस्थापन गरेर आवश्यक क्षतिपूर्ति र मुआब्जा दिनुपर्ने कुरा टुङ्गो लगाउनुपर्ने बताउनुभयो ।

# एकैदिन २ जना मृत फेला

समाज संवाददाता

हेटौंडाः एकैदिन २ जना मानिस मृत फेला परेका छन् । प्रदेशको सिन्धुपाल्चोक र धादिङ जिल्लामा एकैदिन दुई जना मृत फेला परेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका–११, नर्सरी गैराथोकमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोही स्थान बस्ने ४० वर्षीय श्याम गिरी रहेको प्रहरीले जानकारी दिएको छ ।

बिहीबार गिरी घरदेखि १ किलोमिटर पर बारीमा मृत अवस्थामा फेला परेका थिए । गिरीले दैनिक मादक पदार्थ सेवन गरी हिंड्ने गरेको बुझिएको र शरीरमा बाहिरी चोटपटक नदेखिएको प्रहरीले जानकारी दिएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल चौतारा लगिएको प्रहरीले जनाएको छ ।

यस्तै, धादिङ जिल्लाको गल्छी गाउँपालिका–२, गच्छेबसेला स्कूल नजिकै एकजना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा धैरेनी गाउँपालिका–१ बस्ने ४५ वर्षीय गफे सार्की रहेको प्रहरीले जनाएको छ ।

बिहीबार बेलुका ५ बजेर १५ मिनेटको समयमा सार्की स्कूल नजिक उत्तानो अवस्थामा मृत फेला परेका थिए । प्रहरीका अनुसार सार्की हिंडडुल गरी मागी खाने गरेको पाइएको प्रहरीको भनाइ छ । थप अनुसन्धानपश्चात् शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएको प्रहरीले जनाएको छ ।

# १२ सयभन्दा बढीले शिविरबाट सेवा लिए



समाज संवाददाता

हेटौंडाः हेटौंडामा शुक्रबार दुई स्थानमा निःशुल्क स्वास्थ्य शिविर भएको छ । दुई दिने शिविरको पहिलो दिन एक हजार २ सय ३ जनाले शिविरबाट सेवा लिएका छन् ।

हेटौंडा स्कूल अफ मानेजमेन्ट एण्ड सोसल साइन्सले आयोजना गरेको निःशुल्क शिविरमा १२ सय जना शिविरमा सहभागी भएको कलेजका सूचना अधिकारी सुदेष्णा श्रेष्ठले जानकारी दिनुभयो । असार २२ र २३ गते हुने शिविरमा २२ गते ८३ जनाले छाला तथा यौनरोग, १५ जनाले मानसिक तथा नसा, १ सय १३ जनाले जनरल मेडिसिन, ५४ जनाले दन्त, ७६ जनाले हाडजोर्नी तथा नशा रोग, ७० जनाले नाक कान घाँटी, २८ जनाले न्यूरो सर्जरी, २५ जनाले शल्यक्रिया, ५६ जनाले कार्डियो, १ सय ३५ जनाले भिडियो एक्सरे, १ सय १२ जनाले ईसीजी, एक सय जनाले प्रसुति तथा स्त्री रोग, १ सय ६० जनाले ब्लड टेस्ट, १ सय २८ जनाले आँखा परीक्षण र १ सय ३० जनाले रक्तचाप जाँच गरेको श्रेष्ठले बताउनुभयो ।

शिविरमा हेटौंडा उपमहानगर पालिकाको प्रमुख मीनाकुमारी लामा, मकवानपुरका सीडीओ सूर्यप्रकाश सेढाई, प्रहरी उपरीक्षक बामदेव गौतम, हेटौंडाका पूर्वमेयर हरिबहादुर महत, मदन भण्डारी मेमोरियल कलेज अफ हेल्थ साइन्सका रजिस्ट्रार राजेश प्रसाई, हेटौंडा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रामचन्द्र सापकोटा, हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा सुनिल थकाली, केएमसी अस्पतालका निर्देशिक सुमन श्रेष्ठ, केएमसी ग्राम नारायण दाहाल र वरिष्ठ पत्रकार प्रताप विष्ट अतिथि रहनुभएको थियो । शिविरमा कुल ३२ चिकित्सकले स्वास्थ्य जाँच गरिरहेका छन् ।

यस्तै, हेटौंडा अस्पतालमा भएको दुई दिने निःशुल्क शिविरमा २२ गते ३ वटा शल्यक्रिया भएको छ । स्वास्थ्य निर्देशनालय बागमती प्रदेश हेटौंडाको आयोजनामा भएको शिविरमा ३ वटा शल्यक्रिया भएको हो ।

# भीमफेदीका ८ विद्यार्थी विशिष्ट श्रेणीमा उत्तीर्ण

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिकाका ८ जना विद्यार्थी एसईईमा विशिष्ट श्रेणीमा उत्तीर्ण भएका छन् । भीमफेदी गाउँपालिकाका ८ वटा माविका २ सय ३३ जना विद्यार्थी एसईईमा सहभागी भएका थिए । ४ वटा विद्यालयबाट एकजना विद्यार्थीले पनि विशिष्ट श्रेणी प्राप्त गर्न सकेनन् ।

भीमफेदी–१, सानुटारस्थित राष्ट्रिय माध्यमिक विद्यालयका १४ जना विद्यार्थीले १.६ भन्दा कम जीपीए ल्याएका छन् । १० जनाले १.६ देखि २ जीपीए, ७ जनाले २ देखि २.४ जीपीए ल्याएका छन् । ६ जनाले २.४ देखि २.८ जीपीए ल्याएका छन् । ३ जनाले २.८ देखि ३.२ जीपीए ल्याएका छन् । ४० जना विद्यार्थीले एसईई परीक्षा दिएका थिए ।

भीमफेदी–२, भैंसेस्थित कृष्ण माध्यमिक विद्यालयका ११ जना विद्यार्थीले १.६ भन्दा कम जीपीए ल्याएका छन् । १.६ देखि २ जीपीए ल्याउने १५ जना, २ देखि २.४ जीपीए ल्याउने १५ जना, २ देखि २.४ जीपीए ल्याउने ८ जना, २.४ देखि २.८ जीपीए ल्याउने २ जना रहेका छन् । कृष्ण माविबाट ३६ जना विद्यार्थी परीक्षा दिएका थिए ।

भीमफेदी गाउँपालिका–४, निबुवाटार स्थित बाराही माध्यमिक विद्यालयका २१ जना विद्यार्थीले १.६ जीपीएभन्दा कम अंक पाएका छन् । १९ जनाले १.६ देखि २ जीपीए, १० जनाले २ देखि २.४ जीपीए र एक जनाले २.४ देखि २.८ जीपीए ल्याएका छन् । बाराही माविबाट ५१ जना विद्यार्थीले परीक्षा दिएका थिए । भीमफेदी–५ स्थित महालक्ष्मी माध्यमिक विद्यालय २ जनाले १.६ भन्दा कम जीपीए ल्याएका छन् । ९ जनाले १.६ देखि २ जीपीए, २ जनाले २ देखि २.४ जीपीए, २ जनाले २.४ देखि २.८ जीपीए ल्याउन सफल भएका छन् । महालक्ष्मी माविबाट १५ जनाले परीक्षा दिएका थिए ।

भीमफेदी गाउँपालिका–६ स्थित महेन्द्र माध्यमिक विद्यालयका ६ जना विद्यार्थीले १.६ भन्दा कम जीपीए ल्याएका छन् । १७ जनाले १.६ देखि २ जीपीए, १४ जनाले २ देखि २.४ जीपीए, ८ जनाले २.४ देखि २.८ जीपीए ल्याएका छन् । महेन्द्र माविबाछ ४५ जनाले परीक्षा दिएका थिए । भीमफेदी–७ स्थित माध्यमिक विद्यालय कोगटेका ४ जना विद्यार्थीले १.६ देखि २ जीपीए ल्याएका छन् । २ जनाले २ देखि २.४ जीपीए, ३ जनाले २.४ देखि २.८ जीपिए र २ जनाले २.८ देखि ३.२ जीपीए ल्याएका छन् । एसईईमा ११ जना सहभागी थिए ।

यससैगरी भीमफेदी–८, ईपास्थित पन्चकन्या माध्यमिक विद्यालयका ६ जना विद्यार्थीले २ देखि २.४ जीपीएका ल्याएका छन् । २ जनाले २.४ देखि २.८ जीपीए र २ जनाले २.८ देखि ३.२ जीपिए ल्याएका छन् । पन्चकन्याबाट १० जना विद्यार्थीले परीक्षा दिएका थिए । भीमफेदी–९ स्थित लेकाली बसिफाँट विद्यालयका ९ जना विद्यार्थीले १.६ देखि २ जीपीए ल्याएका छन् । १३ जनाले २ देखि २.४ जीपीए र एक जनाले २.८ देखि ३.२ जीपीए ल्याएका छन् ।

# अमर माविकी भोम्जनलाई ५० हजार

समाज संवाददाता

हेटौंडाः महालक्ष्मी विकास बैंक हेटौंडा शाखाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत हेटौंडा–१, चाइनाक्वार्टरस्थित अमर माविमा अध्ययनरत् छात्रा सुमिना भोम्जनलाई ५० हजार रुपैयाँ सहयोग गरेको छ । कक्षा–१० मा अध्ययनरत् छात्रा भोम्जनको आर्थिक अवस्था कमजोर भएकाले अध्ययनमा सहयोग गर्ने उद्देश्यले शुक्रबार बैंकले सहयोग गरेको जनाएको छ ।

सहयोग रकम साविक यती फाइनान्स स्थापनादेखि मर्ज भएर महालक्ष्मी विकास बैंक हुँदासम्म सञ्चालक रहेका स्वर्गीय अशोक श्रेष्ठकी श्रीमती निर्मला श्रेष्ठले भोम्जनलाई हस्तान्तरण गर्नुभयो । बैंकले उक्त सहयोग रकम 'अशोक श्रेष्ठ महालक्ष्मी मेरिट स्कलरसीप' शिर्षकबाट प्रदान गर्दै आएको छ । अघिल्लो वर्षपनि अमर माविकै विद्यार्थीलाई सहयोग गरिएको थियो ।

महालक्ष्मी विकास बैंकको हेटौंडा शाखा प्रमुख अन्नतराज धितालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि निर्मला श्रेष्ठ, हेटौंडा–१ का वडा अध्यक्ष सविन न्यौपाने, बैंकका बागमती प्रदेश एरिया ख का प्रमुख शम्भु पराजुली, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष उमाकान्त गौतम, समितिका सदस्य मानबहादुर लामा, विद्यालयकी प्रधानाध्यापक मालती उप्रेतीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । बैंकका शाखा प्रमुख धितालले बैंकले सामाजिक उत्तरदायित्वलाई सधै प्राथमिकतामा राख्दै भोलिका दिनमा पनि समाजका विभिन्न क्षेत्रमा सहकार्य र सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता जनाउनुभएको छ ।

# आधुनिकको खुशीयाली ऱ्याली

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–४ स्थित आधुनिक राष्ट्रिय माविले खुशीयाली ऱ्याली गरेको छ । बिहीबार सार्वजनिक भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजामा विद्यालयले उत्कृष्ट स्थान हासिल गरेको खुशीयालीमा ऱ्याली गरेको प्रधानाध्यापक रामसागर गुरागाईंले जानकारी दिनुभयो । विद्यालयकी अम्सुकुमारी शर्माले ३.९६ जीपीए ल्याउन सफल भएको उहाँले बताउनुभयो । आधुनिकले १८ औं पटकसम्म जिल्लामा प्रथम हुँदै आएको र यस वर्ष १९ औं पटक प्रथम हुन सफल भएको प्रधानाध्यापक गुरागाईले बताउनुभयो ।

## श्री त्रिभुवन माध्यमिक विद्यालय

हेटौंडा उपमहानगरपालिका–११, मकवानपुर, वागमती प्रदेश

## शिक्षक आवश्यकता

*दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/03/२३ गते*

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर, हेटौंडाको प.सं. २०७९/०८० च.नं. १२१५, मिति २०८०/०२/२१ को अनुमति अनुसार यस विद्यालयमा रिक्त निमावि तह, तृतीय श्रेणी, सामाजिक विषय शिक्षक पदपुर्तिका लागि गरिएको विज्ञापन अनुसार भएको छनोटको प्रारम्भिक परीक्षामा कुनैपनि उम्मेदवार सफल नभएकाले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूबाट पुनः रितपूर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारिका लागि अनुरोध छ ।

**विज्ञापन नं.: ९/२०७९/०८०**

पदः शिक्षक
माग सङ्ख्याः १ (एक)
सेवाको प्रकारः अस्थायी करार ।
न्यूनतम् शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण–पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी निमावि तहको अध्यापन अनुमति–पत्र प्राप्त
उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
तलब तथा अन्य सेवा सुविधाः नेपाल सरकारको नियमानुसार ।
छनौटको किसिमः शिक्षक सेवा आयोग नियमावली अनुसार ।
परीक्षा दस्तुरः रू. १,०००/–
दरखास्त दिने अन्तिम मितिः २०८० असार २९ गते कार्यालय समय भित्र ।
सम्पर्क मितिः २०८० असार ३१ गते बिहान ११:०० बजे ।
परीक्षाको मितिः सम्पर्क मितिमा तोकिनेछ ।
आवश्यक कागजातः नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको स्वःप्रमाणित प्रतिलिपि ।
स्वःहस्तलिखित दरखास्त, परीक्षा दस्तुर बुझाएको विद्यालयको नगदी रसिद ।
विशेष ग्राह्यताः खुलाको हकमा माथिल्लो योग्यता भएकालाई ।

**नोट:**
१) शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुबाट दस्खास्त पेश हुन आएमा करार सूचीको योग्यताक्रमको आधारमा नियुक्ति प्रदान गरिनेछ ।
२) तोकिएको समयमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुको आवेदन पर्न नआएमा मात्र खुला उम्मेदवारले दरखास्त दिन सक्नेछ ।

**नारायणप्रसाद भण्डारी**
**प्रधानाध्यापक**

## शैक्षिक समन्वय समितिमा नेतृत्वमा हानथाप

# दुई सातामा पनि सहमति हुन सकेन

समाज संवाददाता

हेटौंडाः नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाको नयाँ नेतृत्व चयनमा सहमति हुन सकेको छैन । वार्षिक साधारणसभा भएको दुई साता बितिसक्दा पनि नेतृत्व चयनमा सहमति हुन नसकेको हो । समितिको अध्यक्षमा ५ जना आकांक्षी छन् भने १४ जना सदस्यका लागि २७ जना आकांक्षी छन् । समितिको साधारणसभा असार ८ गते भएको थियो ।

२०४८ सालमा स्थापित नगरस्तरीय शैक्षिक समन्वय समितिमा अहिलेसम्म नेतृत्वका लागि निर्वाचन भएको छैन । यसअघि सहजै सहमतिमा नयाँ नेतृत्व स्थापित हुँदै आएको सन्दर्भमा समितिले निर्वाचनसम्बन्धी कार्यविधि नै नबनाएकोले सकेसम्म सहमतिको प्रयास गरिएको निवर्तमान अध्यक्ष सागरप्रसाद खतिवडाले जानकारी दिनुभएको छ । निर्वाचनमै जानुपर्ने भयो भने निर्वाचन कार्यविधि बनाइने निवर्तमान अध्यक्ष खतिवडाले बताउनुभएको छ । नगरस्तरीय शैक्षिक समन्वय समितिको अध्यक्षमा केशव सञ्जेल, भोगेन्द्र लुइटेल, नारायणप्रसाद भण्डारी, खेमराज लामिछाने र पुरुषोत्तम आचार्य आकांक्षी हुनुहुन्छ । नगरस्तरीय शैक्षिक समन्वय समितिले हेटौंडा उपमहानगर भित्र र उपमहानगरभन्दा बाहिर जिल्लाका अन्य पालिकालाई पनि परीक्षा सञ्चालनमा आवश्यक सहजीकरण गर्दै आएको छ । नगरस्तरीय शैक्षिक समन्वय समितिले विद्यालय शिक्षाको सुधारका लागि समेत पहल गर्दै आएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ